द.नं. : ३०/२०५२/०५३
पान नं. : ३०३८३६९२२





# २०औं वार्षिक साधारण सभा

२०७९ मंसिर १७

## वार्षिक प्रतिवेदन : २०७९

# सुनगाभा

## बचत तथा ऋण सहकारी संस्था लिमिटेड, इलाम

SUNGAVA SAVING & CREDIT CO-OPERATIVE SOCITY LTD., ILAM

सम्पर्क : ०२७-५२४७९७

E-mail : sungava.cooperative@gmail.com

"समुदायमा आधारित दिगो, भरपर्दो, स्वच्छ तथा सदस्यहरुको सम्पूर्ण वित्तीय आवश्यकता पूरा गर्ने उत्कृष्ट सहकारी"

# सुनगाभा

## बचत तथा ऋण सहकारी संस्था लिमिटेड, इलाम

२०७७ फागुन २ गते सम्पन्न सञ्चालक समितिको बैठकबाट गठित विभिन्न उप-समितिहरु

| क्र.सं | नाम थर | पद | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|---|
| | **सहकारी शिक्षा उप समिति** | | | |
| १ | सुमन दास | संयोजक | इनपा ७ | ९८१४०३९४६६ |
| २ | रेनुका फागो | सदस्य | इनपा ७ | ९८४२६३५१८३ |
| ३ | शंखर आचार्य | सदस्य | इनपा ८ | ९८४२७६८८९५ |
| | **ऋण स्वीकृत उप समिति** | | | |
| १ | बालकृष्ण बस्नेत | संयोजक | इनपा ७ | ९८५२६८०२५३ |
| २ | भुवन सुबेदी | सदस्य | इनपा ६ | ९८४२६२७६८१ |
| ३ | उत्तम ताम्राकार | सदस्य | इनपा ७ | ९८५२६८०९६८ |
| | **धितो मुल्यांकन उप समिति** | | | |
| १ | जीवन कोइराला | संयोजक | इनपा ७ | ९८५२६८०२०७ |
| २ | बोधनारायण दहाल | सदस्य | इनपा ६ | ९८४००५५४५४ |
| ३ | गणेश घिमिरे | सदस्य | इनपा ८ | ९८४२७२७२४७ |
| | **महिला उद्यमशीलता बिकास तथा महिला शसक्तिकरण उप समिति** | | | |
| १ | यसोदा देवान | संयोजक | इनपा ७ | ९८४२६२७५०८ |
| २ | सुभद्रा देवान | सदस्य | इनपा ७ | ९८६२६७०३८२ |
| ३ | सरिता खवास सुबेदी | सदस्य | इनपा ६ | ९८४२७६८३३८ |
| | **सदस्यता बृद्धि तथा सेवाकेन्द्र ब्यवस्थापन उप समिति** | | | |
| १ | गंगा उप्रेती | संयोजक | इनपा ७ | ९८४२७३५८५० |
| २ | निर्लज्जा खड्गी | सदस्य | इनपा ७ | ९८४२६६३६७० |
| ३ | अम्बिका कार्की | सदस्य | इनपा ९ | ९८४२७८०२६० |
| ४ | सन्जु भट्टराई | सदस्य | इनपा ६ | ९८४०९९७१०८ |
| | **ऋण अनुगमन उपसमिति** | | | |
| १ | चन्द्रमणी भट्टराई | संयोजक | इनपा ७ | ९८४४६९२२६२ |
| २ | पर्शुराम घिमिरे | सदस्य | इनपा ७ | ९८५२६८१२१० |
| ३ | खगेन्द्र सुबेदी | सदस्य | इनपा ९ | ९८४२७७६२०६ |

## आ.व.०७८।०७९ को बार्षिक प्रगती विवरण तथा आ.व.२०७९।०८० को नीति र कार्यक्रमहरुको विवरण ।

यस २० औं साधारण सभा समारोहमा संस्थाको निमन्त्रणलाई स्वीकार गरि उपस्थित प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, प्रेरणादायी व्यक्तित्वज्यूहरू, विभिन्न वित्तीय तथा गैरवित्तीय संघ संस्थाबाट उपस्थित हुनुभएका प्रमुख तथा प्रतिनिधिज्यूहरू, यसैगरि संस्थाका सल्लाहकारज्युहरु,सेयर सदस्यज्यूहरू, वर्तमान सञ्चालक समिति, लेखासुपरिवेक्षण समिति एवं अन्य उप-समितिका सहकर्मी साथीहरू,संस्थाका कर्मचारी साथिहरु, पत्रकार मित्रहरू र शुभ चिन्तक महानुभावहरू

२० औं वार्षिक साधारणसभा सम्म आइपुग्दा संस्थाले धेरै आरोह अवरोह पार गरेको छ । अझै संस्थामा थुप्रै अवसर तथा चुनौतीहरु,सवल र दुर्बल पक्षहरु मौजुदा छन् । यहाँसम्म आईपुग्दा संस्थाले आफ्नो दूरदृष्टि,ध्येय,उद्धेश्यहरु र मुल्य मान्यताहरु निर्धारण गरी चार बर्षीय रणनीतिक योजना तथा बार्षिक योजना निर्माण गरी संस्थालाई कुशलतापूर्वक सञ्चालन गर्न आवश्यक्ता अनुसारका नीति,निर्देशिका,कार्यविधिहरु निर्माण गरी सहकारी ऐन नियम,मापदण्ड अनुसार संस्थालाई सञ्चालन गर्दै सम्पूर्ण सदस्य तथा समुदायको आशा र भरोसाको केन्द्र बन्न प्रयत्नरत छ । संस्थालाई सहकारी मूल्य मान्यताका आधारमा कुशल सहकारी संस्था बनाउने अभियानमा सहयोग पुऱ्याउनुहुने राष्ट्रिय सहकारी बैंक इलाम शाखा, छाता संघहरु तथा सहकारी निकायहरु प्रति संस्था सधैं आभारी छ । संस्थाले आयोजना गरेका कार्यक्रमहरुमा आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सहयोगी प्रति धन्यवाद प्रकट गर्दछौ । त्यसै गरी संस्थाका हरेक क्रियाकलापमा प्रत्यक्ष वा परोक्ष रुपमा सहभागी भई साथ,सहयोग,सल्लाह,सुझाव प्रदान गर्नुहुने सम्पूर्ण सेयर सदस्यहरुप्रति संस्था सदैव कृतज्ञ छ । संस्था सुरुवाती समयबाट यो अबस्था सम्म आईपुग्नमा निवर्तमान संचालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उप-समितिहरू, सम्पूर्ण सेयर सदस्यज्यूहरू र कर्मचारी साथीहरूको लगनशीलता, सहभागिता, समझदारी, साथ, सहयोग र प्रतिबद्धताको उपलब्धी हो भन्ने हामीलाई लागेको छ । हाम्रो वर्तमान अवस्थालाई आधार मानी अझ बढी जोस, जाँगर, उत्साह र प्रतिबद्धताका साथ यस सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.को गत आ.व. २०७८/०७९ को प्रगति समीक्षा र चालु आ.व. २०७९/०८० का लागि प्रस्तावित नीति तथा कार्यक्रम यस गरिमामय सभामा अध्यक्षको तर्फबाट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

### आ.व.०७८।०७९ को प्रगति समीक्षा:

**१.संस्थाको संस्थागत जनशक्ति विवरण**

| क्र.सं. | विवरण | आ.व.०७७।०७८ सम्मको | आ.व.०७८।०७९ मा थप | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | सेयर सदस्यहरुमा बृद्धि | १११३ जना<br>म.६८७ पु.४२६ | २४९ जना<br>म.१३७ पु.११२ | १३६२ जना<br>म.८१८ पु. ५३८<br>संस्थागत ६ | |
| २. | बाल बचत सदस्यहरु | २५३ जना | ४६ जना | २९९ जना | |
| ३. | जेष्ठ नागरिक बचत सदस्य | ३१ जना | ३ जना | ३४ जना | |
| ४. | संचालक समिति | ९ जना<br>म.३,पु.६ | ०.०० | ९ जना<br>म.३,पु.६ | यस अवधि भर अपरिर्वतनशील संख्या |
| ५. | लेखा सुपरिवेक्षण समिति | ३ जना<br>म.००, पु.३ | ०.०० | ३ जना | " " |
| ६. | धितो मुल्यांकन उप-समति | ३ जना<br>म.००, पु.३ | ०.०० | ३ जना<br>म.००, पु.३ | |

| क्र.सं. | विवरण | आ.व.०७७।०७८ सम्मको | आ.व.०७८।०७९ मा थप | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| ७. | ऋण स्वीकृत,लगानी तथा असुली उप-समति | ३ जना<br>म.००, पु.३ | ०.०० | ३ जना<br>म.००, पु.३ | |
| ८. | सहकारी शिक्षा उप-समति | ३ जना<br>म.१, पु.२ | ०.०० | ३ जना<br>म.१, पु.२ | |
| ९. | सदस्यता बृद्धि,संकलन केन्द्र र सेवा केन्द्र ब्यवस्थापन उप-समति | ५जना<br>म.४, पु.१ | ०.०० | ५जना<br>म.४, पु.१ | |
| १०. | महिला उद्यमशिलता विकास तथा महिला शसक्तिकरण उप-समति | ३ जना<br>म.३, पु.०० | ०.०० | ३ जना<br>म.३, पु.०० | |
| ११. | ऋण अनुगमन उप-समति | ३ जना<br>म.००, पु.३ | ०.०० | ३ जना<br>म.००, पु.३ | |
| १२. | कर्मचारी संख्या | ४ जना<br>म.२,पू.२ | २ जना<br>म.२,पु.० | ६ जना<br>म.४,पु.२ | |
| १३. | प्रशिक्षार्थी कर्मचारी | २ जना<br>म.१,पु.१ | | | ३ महिने अवधि सकिएर विदा गरिएकोले हाल कुनै संख्या नरहेको । |
| १४. | सल्लाहकार संख्या | २ जना<br>म.००,पु. २ | ०.०० | २ जना<br>म.००,पु. २ | |

## २. नियमित कार्यसम्पादन:

यसै गरि गत आ.व.(०७८ साल श्रावण देखि ०७९ आषाढ मसान्त सम्म) आ.व.०७८।०७९ को अवधिमा विभिन्न कार्यहरु सम्पादन गर्नका लागि संचालक समितिको बैठक १३ पटक बसेको कुरा जानकारी गराउन चाहान्छौ ।

**उपस्थिति यस प्रकारले रहेको छ ।**

| पद | नाम/थर | उपस्थिति संख्या |
|---|---|---|
| अध्यक्ष | गोपाल पौड्याल | १३ |
| उपाध्यक्ष | चन्द्रमणी भट्टराई | १० |
| सचिव | नविन लामिछाने | ८ |
| कोषाध्यक्ष | बालकृष्ण बस्नेत | १३ |
| सदस्य | जिवन कोइराला | ११ |
| सदस्य | यसोदा देवान | ११ |
| सदस्य | निर्लज्जा खड्गी | १२ |
| सदस्य | गंगा उप्रेती | ८ |
| सदस्य | सुमन दास | ९ |

## ३. बचत तथा ऋण परिचालन:

- संस्थाले सञ्चालन गर्ने सेवाहरुलाई विविधिकरण गर्दै लैजाने क्रममा बचतका सेवामा पनि विविधीकरण गर्दै लैजाँदा सदस्यज्यूहरुको सक्रिय सहभागितामा पनि वृद्धि हुन गई बचत सङ्कलनमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको छ । फलस्वरुप यस आ.व.को अवधिमा बचत सङ्कलन ११५।७४ प्रतिशतले बृद्धि भई करोड ८ करोड १८ लाख ४० हजार ७ सय ५५ रुपैयाँ पुगेको छ ।
- विगतका वर्षहरुमा आयमुलक र ब्यवसायिक क्षेत्रमा बढी ऋण माग तथा लगानी हुँदै आएकोमा यस आ.व.०७८।०७९ मा स्वास्थ्य उपचार,ब्यापारिक ,शैक्षिक,कृषि तथा पशुपालन,घर जग्गा खरिद बिक्री,महिला उद्यमशीलता र आकस्मीक ऋण लगानी गरिएको छ । ऋण लगानी गर्नुपूर्व उच्च सावधानी र सुरक्षणमा विशेष जोड दिइएको छ । कारोबार सञ्चालनको क्रममा सम्भाब्य प्रयासहरु अवलम्बन गरिएको कारण आ.व.०७८।०७९ तरलता अभावको समस्या आउनै पाएन ।

## ४. सदस्य शिक्षा:

- सदस्यहरुलाई विभिन्न माध्यमबाट संस्थागत गतिविधहरुको जानकारी मार्फत सुसूचित गराउने प्रयासमा संस्थाको आधिकारीक फेसबुक पेज साथै यस आ.व.वाट संस्थाको वेब पेज तयार गरि उक्त पेजमा संस्थागत सूचनाहरु र क्रियाकलापहरु सदस्यसम्म पुर्याउने कार्यलाई निरन्तरता दिइएको छ ।
- नयाँ सेयर सदस्यहरुलाई गत साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत गरिएको बार्षिक नीति तथा कार्यक्रम एवं संस्थागत गतिविधिका बारेमा जानकारी गराउने उद्देश्यले शिक्षा उप-समिति सहित संचालक समितिका पदाधिकारी,सदस्य र कर्मचारीहरुको उपस्थितिमा कार्य क्षेत्र भित्रका ( इनपा १० गोदक स्थीत नन्द मा.बी.,सिलपुर,भण्डारी बेंशी र माईखोला टापु लगायतका स्थानहरुमा ( मिति २०७८ चैत्र २ गते,५ गते र चैत्र १२ गते ) एक एक दिने सहकारी पुर्व शिक्षा कार्यक्रम सञ्चालन गरिएका छन् ।
- मिति २०७८ फाल्गुण १९ र २० गते ब्यवसाय ब्यवस्थापन बिषयक दुई दिवशीय तालिम मा यस संस्थाका कर्मचारीहरु र सफल तथा ठुला ब्यवसायीहरुको उपस्थितीमा सम्पन्न गरिएको थियो । तालिमको सहजीकरण संस्थाका अध्यक्ष र सहकारी बैक इलाम शाखका प्रमुखले सहजीकरण गर्नुभएको थियो । तालिममा संस्थागत सहजीकरण निशुल्क गरिएको थियो ।
- बचत गर्ने बानि बसालौ भन्ने मुल नाराका साथ महिला उद्यमशिलता बिकास तथा महिला शसक्तिकरण उप समिति संयोजक यसोदा देवान सहित अध्यक्ष, ब्यवस्थापक र लेखा तथा ऋण अधिकृतको उपस्थितिमा गोदकको माईखोला क्षेत्रमा १ दिने बित्तिय साक्षरता कार्यशाला गोष्ठि ( मिति ०७९।३।१३) सम्पन्न गरिएको छ ।
- रजतबर्ष २०७८ को अवसरमा मुटुरोग संग सम्बन्धित १ दिने नि:शुल्क स्वास्थ्य शिबिर द मेडिको इलाम संग को समन्वयमा (२०७८ चैत्र १९ गते) संचालन गरिको थियो । जसमा ७१ जना शेयर सदस्यहरुले सेवा लिनु भएको थियो ।

## ५. सदस्य स्वास्थ्य एवं सहभागिता:

- महिला सेयर सदस्यहरुलाई बढिमा दुई सन्तान जन्माउँदा सुत्केरी पोषण अन्तर्गत उपलब्ध गराउँदै आएको रु.१,८००।०० एक हजार आठसय रुपयाँ र नवजात शिसुको नाममा (बाल बचत) रु.२०० गरि कुल रु.२,०००।०० दुईहजार रुपयाँको सहयोगलाई निरन्तरता दिइएको छ । यस बर्ष सुत्केरी पोषण अन्तर्गत संस्थाका १२ जना महिला सदस्यहरुले यो सुविधा लिनुभएको थियो भने गत वर्ष यो सुविधा लिने महिला सदस्यको संख्या १३ जना रहेको थियो ।

**सुत्केरी पोषण कार्यक्रम अन्तर्गत यस बर्ष पोषण लिएका महिला शेयर सदस्यहरु :** (क) शोभा शंकर (ख) सानुमाया योङ्हाङ्ग (ग) दिलकुमारी श्रेष्ठ (घ) करुणा क्षेत्री (ङ) यास्मिन ताम्राकार (च) सबिना गजमेर (छ) पुष्पा राई तामाङ्ग (ज) भावना अधिकारी (झ) प्रेमलमु कागते (ञ) जुनु प्रधान (ट) कबिता कार्की (ठ) दमन्ता मगर

विगतबाट सेयर सदस्य स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत एक परिवार भित्रका ४ जनालाई नविकरण शुल्क वापत स्वास्थ्य विमा वोर्डले लिने रकम रु.३,५००। मध्ये सेयर सदस्यलाई संस्थाले नगद रु.८७५ भुक्तान गर्ने कार्यलाई यस आ.व.मा पनि निरन्तरता गरिएको छ। यस आ.व.मा यो सुविधा १३६ जना सेयर सदस्यहरुले लिनु भएको छ। यो सेवा एकाघर परिवारमा जतिसुकै सदस्य भए पनि १ जना सदस्यलाई मात्र उपलब्ध गराईने छ।

- नेफ्स्कुनले आयोजना गरेको साझा सेवा र सवलीकरण गोष्ठीमा (मिति०७८।६।१०) यस सहकारी संस्थाबाट व्यवस्थापकले सहभागिता गर्नुभएको ।
- बचत तथा ऋण जिल्ला बचत संघ लि ले आयोजना गरेको इलामको सहकारी गतिबिधी बिषयक एक दिने गोष्ठीमा यस सहकारी संस्थाबाट अध्यक्ष र ब्यवस्थापकले सहभागिता गर्नुभएको ।
- इलाम नगर पालिकाले आयोजना गरेको एकिकृत सुचना प्रणाली (कोपोमिस) (०७९।३।२२ देखि २४) तालिममा यस सहकारी संस्थाबाट ब्यवस्थापकले सहभागिता गर्नुभएको ।
- प्रदेश नं.१ थोक उपभोक्ता बिशिष्टीकृत सहकारी संघ लि.को प्रारम्भीक साधारण सभा (मिति २०७९।३।२६) मा यस सहकारी संस्थाबाट संस्थाका अध्यक्ष र ब्यवस्थापकले सकृयता पुर्बक सहभागिता राख्नुका साथै सो सभाबाट थोक उपभोक्ता बिशिष्टीकृत सहकारी संघ लि.ले सुनगाभा साकोसलाई लेखा समितिको सदस्य पदमा सर्बसम्मत निर्वाचित गराएको ।
- बिभिन्न समयमा भएका (भौतिक उपस्थिती र जुम) बैठक, कार्यक्रममा संस्थाका अध्यक्ष र व्यवस्थापकले सकृयतापुर्बक सहभागिता गर्ने गरेको ।
- अन्तराष्ट्रिय सहकारी दिवशको अबसरमा बचत तथा ऋण जिल्ला संघको अगुवाईमा इलाम नगर पालिका ९ स्थीत अनाथालयमा रहेका बालबालिकाहरुको लागि लुगा कपडा बितरण कार्यमा संस्थाको तर्फबाट बचत संघलाई रु.१०००। आर्थिक सहयोग उपलब्ध गराईएको ।
- बिभिन्न समयमा जिल्ला बचत तथा ऋण सहकारी संघ को अगुवाईमा इलाम नगर पालिकामा नव निर्वाचित प्रमुख तथा उप प्रमुखहरुलाई इलामका सहकारीहरुको तर्फबाट शुभकामना ,बधाई ज्ञापन तथा भेटघाट कार्यक्रम (मिति २०७९।२।।१२ मा यस संस्थाबाट अध्यक्ष, कोषाध्यक्ष र ब्यवस्थापकले सहभागिता जनाउनु भएको ।
- जिल्ला बचत तथा ऋण सहकारी संघ को अगुवाई र नेफ्स्कुन बिर्तामोड सेवाकेन्द्रको उपस्थितीमा सहकारी सम्बन्धी समसामयीक बिषयक (मिति२०७९।२।२७) अन्तरकृया कार्यक्रमा यस संस्थाका ब्यबस्थापकले सहभागिता गरेको ।

**६. सहकार्य, समन्वय र ऐक्यबद्धता:**

यस संस्थाको कार्यक्रम र छविलाई प्रभावकारी र विस्तृत बनाउने उद्देश्यले राष्ट्रिय स्तरमा विभिन्न संघ संस्थाहरुसँग सम्पर्क,छलफल र समन्वय गरी सम्बन्ध विस्तार गरिएको छ। जुन यस प्रकार रहेको छ

- जिल्ला सहकारी संघ
- जिल्ला बचत तथा ऋण सहकारी संघ
- राष्ट्रिय सहकारी बैक
- नेफ्स्कुन

- इलाम नगर पालिका सहकारी शाखा
- आन्तरिक राजश्व कार्यायल
- प्रदेश नं १ थोक उपभोक्ता बिशिष्टिकृत सहकारी संघ
- प्रदेश न १ बचत तथा ऋण सहकारी संघ

### ७. उद्यमशिलता विकासः

संस्थामा संलग्न विशेष महिला सदस्यहरुलाई सुलभ ब्याजदरमा समुह जामानि मार्फत रु.५०,००० प्रति महिला सदस्यलाई लघु तथा कुटिर उद्योगहरु संचालन गर्ने महिला सदस्यहरुलाई संस्थाले ऋण प्रभाव गर्ने गर्दछ । महिला उद्यमशीलता विकास तथा महिला शसक्तिकरण उप-समितिको मुल्यांकन तथा सिफारिस मार्फत महिला उद्यमशिलता विकासको लागि संस्थाले ऋण प्रवाह गर्ने गर्दछ । हाल सम्म यो क्षेत्रमा ५० माथि महिला उद्यमीहरुले ब्यवसाय संचालन तथा बृद्धि विस्तार गर्न यो सुलभ ब्याज दरको ऋणको उपयोग गरि सक्नु भएको छ ।

### ८. नियमित सदस्य सेवा र ब्यवस्थापनः

- सदस्यका सकारात्मक सुझाव एवं सल्लाहहरु संस्थाका लागि अमुल्य सम्पत्ति हुन् भन्ने संस्थागत बुझाईका साथ सुझाव एवं सल्लाह तथा गुनासोलाई प्रत्यक्षरुपमा छिटो-छरितो तवरले सम्बोधन गर्ने गरी संस्थामा सुझाव पुस्तिका राख्ने र त्यहाँ उल्लेख भएका सल्लाह,सुझावहरुलाई सञ्चालक समितिको बैठकमा प्रवेश गराई तुरुन्त सम्बोधन गर्ने गरिएको,यसै गरी आधुनिक प्रविधिको प्रयोग र सुगमतालाई मध्यनजर गर्दै सोसियल साईटको माध्यमबाट पनि सुझाब सल्लाह लिने परिपाटीको विकास गरिएको छ । साथै संस्थामा सुझाव पेटिकाको पनि ब्यवस्था गरिएको छ । यसै सन्दर्भमा सुझाव पुस्तिका एवं गुनासाहरु व्यक्त गरी हामीलाई सचेत गराउनु भएकोमा संलग्न तपाई सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु र निरन्तर यस्तै सहभागिताको अपेक्षा पनि गर्दछु ।
- सदस्यहरुलाई सर्वसुलभ एवं प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्य अनुसार संस्थाले विगत बर्षबाट नै सफटवेयर प्रणाली संचालनमा ल्याए पनि डाटाहरु अध्यावधिक गरि सकिएको थिएन हाल भने यस आ.व.मा डाटाहरुको अध्यावधिक गर्ने कार्य प्रशिक्षार्थी कर्मचारीहरुको सहयोग र संस्थाका कर्मचारीहरुको समन्वयमा अध्यावधिको कार्य सम्पन्न गरिएको छ र भविष्यमा कलेक्सन एप्स र एस.एम.एस.,वेकिंङ्ग सेवालाई पनि विस्तार गरि अगाडि बडाईने योजना तय गरिएको छ ।
- संस्थाको निति नियम,निर्देशिका बमोजिम संस्थाका उत्कृष्ठ शेयर खरिद कर्ता १ जना, उत्कृष्ठ मासिक बचत कर्ता १ जना, उत्कृष्ठ दैनिक बचत कर्ता १ जना , असल ऋणी सदस्य १ जना र नियमित बाल बचत गर्ने सदस्य १ जना लगायतलाई समेत चिठ्ठा मार्फत पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- संचालक समितिको वैठक नियमित मासिक रुपमा बसी आवश्यकता अनुसारका निर्णयहरु गरिएको छ ।
- सदस्यहरुको बृत्ति बिकासको लागि सदस्यहरु संगको छलफल तथा भेला गर्दै लगिनेछ ।
- साधारण सभामा उपस्थित सदस्यहरुलाई खाना तथा परिवहन खर्च वापत रु ५८९। को नियमानुसार कर कट्टी गरेर बाकी हुन आउने रकम रु ५०० नगद नै उपलब्ध गराइएको छ । र बाकी देखिने प्रति सदस्यको रकम (०।६५ पैसा) लाई संस्थाको जगेडा कोषमा ब्यवस्थापन गरिएको छ ।
- ऋण असुली कार्यलाई पहिलो प्राथमिकतामा राखि घर दैलो,टेलिफोन तथा पत्राचार मार्फत ताकेता गरिएको छ ।
- संस्थाका बृद्ध सदस्यहरुलाई बार्षिक साधारण सभाको अवसरमा सम्मान गर्दै आएको कार्यलाई निरन्तरता दिइएको छ ।

## ९. सामाजिक सुरक्षा:

- संस्थाका सेयर सदस्यको मृत्यु भएमा सम्बन्धित परिवारलाई सहयोग स्वरुप किरिया खर्च बापत उपलब्ध गराउँदै आएको राहात रकम रु.२०,०००। बीस हजारलाई निरन्तरता दिइएको छ । यस आ.व.मा ५ जना सेयर सदस्यका परिवारलाई यो रकम सदस्यको मृत्यु भएको मितिले १३ दिन भित्र घरमा नै पुगी समवेदना पत्र सहित उक्त रकम प्रदान गरियो । मृतक सदस्यहरु क्रमशः अन्जिता श्रेष्ठ,राधिका परियार,अनिता थोकर,छुङ्गछुङ्ग श्रेष्ठ र बुद्ध राई
- संस्थाका सदस्यहरुमध्ये महिला सदस्यहरुलाई बचत कार्यक्रममा सक्रिय सहभागी गराउने एवं उहाँहरुको स्वास्थ्य स्थितिमा केहि हदसम्म भए पनि सुधार ल्याउन तथा परिवार नियोजन सम्बन्धी अवधारणालाई विकसित गराउने उद्देश्यले २ वटासम्म बच्चा पाउने महिला सदस्यलाई सुत्केरी खर्चवापत निश्चित रकम प्रोत्साहन स्वरुप प्रदान गरिने कार्यलाई निरन्तरता दिइएको छ ।
- संस्थाको सेयर सदस्यका एकाघरका पारिवारिक सदस्यहरुको मृत्युवरण भएमा पनि चालु आ.व.बाट लागुहुने गरि रु.३,०००। तिनहजार रुपयाँ र समवेदना घर दैलोमा नै पुगि सदस्यत राहात कोषबाट वितरण गर्ने कार्यक्रम अन्तर्गत यस आ.व.मा १२ जना शेयर सदस्यको घरपरिवारमा समबेदना सहित राहात बितरण गरियो । जसमा, कुलबहादुर राई, रोहित लुईटेल, गणेश प्र. श्रेष्ठ, शिब प्रसाद दहाल, श्यामकुमारी राई, टेकप्रसाद चापागाँई, तिलमाया राया,रमला राई, देउबहादुर लाम्गादे,टुकनाथ ढकाल र पम्फा गुरुङ्ग र पदममाया श्रेष्ठ
- संस्थाले विगत बर्ष देखि नै संस्थाका सेयर सदस्यहरुले स्वाथ्य विमा गरि बार्षिक नविकरण गर्दै गएमा उक्त नविकरण रकम वापत लाग्ने रकम को २५ प्रतिशत वा रु.८७५ नगदै सेयर सदस्यलाई उपलब्ध गराउँदै आएको सेवालाई निरन्तरता दिइएको छ ।

जसमा एलबिन कट्टेल, गिता घोरसाई, धनमाया सुबेदी, सुकबिर लिम्बु,सुर्यदेबी घिमिरे,सुनिता खाकी,नेत्रकला निरौंला, बालकृष्ण बस्नेत, श्रीबहादुर श्रेष्ठ, कृष्णप्रसाद घिमिरे, तिलकुमारी बि.क., निर्लज्जा खड्गी,रामभक्त निरौंला,फुलकुमारी प्रधान,चन्द्रमणी भट्टराई,मिनाकुमारी फुएल,गणेश घिमिरे,छिरिङ शेर्पा,पुर्णब. बस्नेत,याम रन्जितकार, इन्द्रबहादुर श्रेष्ठ,सुसान्त श्रेष्ठ,गोपाल निरौंला,रामकृष्ण पोखेल, अमुल मैनाली,बोधनारायण दहाल, दिपा नेपाल,नरेन्द्र खड्का,निश्चल भक्तराज,भुवन सुबेदी,कमलप्रसाद बस्नेत,धनमाया राई,डम्बरुबल्लभ शर्मा, धनबहादुर राई,यादब निरौंला,पदम दर्जी,अम्बिका कार्की,झिम्कीमाया बि.क.,रुपेन थापा,सीलादेबी अधिकारी, पंकज भट्टराई,नमीता मोक्तान,चाँदनी गुरुङ्ग,नबिनप्रसाद लुईटेल,दिपक भण्डारी,नर ब. दर्जी,बिक्रम खतिवडा, सुजता शिवा,कमलादेबी श्रेष्ठ,रुद्र बि.क.,रतनलाल अग्रवाल,मिङमाडोमा लामा,ज्ञानुकुमारी दहाल,सोमती सिन्चुरी, श्याम लम्साल,सनिता यल्मु,रुक्मणी उप्रेती,यमुना दहाल,सन्तोषी श्रेष्ठ,शीला मोदी,प्रमोद श्रेष्ठ, चन्दकृष्ण रंजितकार,गिता निरौंला, चन्द्रकुमार गुरुङ्ग, दमन्ता मगर,टंकमाया भुजेल,दिलमाया राई,फुलमाया कटुवाल,गिता शिवा,सुमित्रा आचार्य,युवराज मगर,सुमा कार्की,कल्पना राई,कबितादेबी दुलाल,सकुन्तला भट्टराई, सन्जु भट्टराई,बिना राई,टीकादेबी भट्टराई,निर्मला भट्टराई,रेखा लकाँई,हरिप्रसाद बराल,खगेन्द्र सुबेदी, पुर्णब. बस्नेत,हरिकृष्ण निरौला,अप्सरा खतिवडा,बिनिता कटुवाल,धनमाया तामाङ्ग, पुष्पाकुमारी राई,सुनिल श्रेष्ठ,जमुना कार्की, ललिमाया मगरनी,युनिसा ढकाल,निरुपा राई,जनि‍ा गुरुङ्ग,उदय गुरुङ्ग,बबिता गुरुङ्ग,खड्गबहादुर कंडेल,सीतादेबी तामाङ्ग,कृष्णमाया सुबेदी,सबिता राई,गिता लावती,मन्दिरा घिमिरे ,मैया शिलवाल, दिब्या रिजाल,कलिका कार्की,टिकाराम बराल,ताराब. थापा,रीता थापा,यसोदा कार्की, सजना खत्री,सनदकुमार श्रेष्ठ, निर्मलादेबी पौडेल,मनकुमारी घिमिरे,सुरेन्द्रकुमार खुलाल,दीक्षा मिश्र,उमाकानत खनाल, मनुषा तामाङ्ग,निमा तामाङ्ग, कोपिला भण्डारी,प्रेमबहादुर सुबेदी,उमादेबी लुईटेल,गोपाल पौडेल,धनमाया बुडाथोकी,लिलाराज दहाल,ईश्वरकुमार सुबेदी,तिलकुमारी बराईली,सुनिता गौतम,खेमप्रसाद काफ्ले,सुशिला नयौपाने,यज्ञप्रसाद श्रेष्ठ, अस्मिता राई,सुसन देउला,ईन्द्रकुमारी हेल्मु,बिजय सिं मोक्तान

- प्रवेशिका परिक्षामा सर्वोत्कृष्ट अंक ल्याउने शेयर सदस्यका सामुदायिक र निजीमा विधालयमा अध्ययनरत छात्र र छात्रा गरि जम्मा ४ जनालाई सम्मान पत्र सहित पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

## १०. लगानी विस्तार र अवसर:

सदस्यहरुको आय बृद्धिका लागि विभिन्न किसिमका नयाँ-नयाँ लगानीका सम्भावना एवं सिपहरुको खोजि गर्ने क्रममा राष्ट्रिय स्तरसम्म यस बर्ष सम्पर्क र समन्वय विस्तार गरिएको छ । यस्तै गरेर कृषि क्षेत्रका सेयर सदस्यहरुलाई ध्यानमा राखि कृषि जन्य तथा पशुजन्य उत्पादित बस्तुहरुको संकलन तथा बजारिकरणमा सहयोग पुर्याउने अवधारणा अनुसार प्रदेश नं. १ थोक उपभोक्ता बिशिष्टिकृत सहकारी संघ सँग पनि संजालिकरण तथा त्यस संस्थाको संस्थापक सेयर सदस्य को हैसियतमा यस सहकारी संस्था लि.लाई समेत समावेश गरिएको छ । संस्थाले भविष्यमा यस जिल्ला भित्रका कृषिजन्य तथा पशुजन्य वस्तुहरुको संकलन केन्द्र स्थापना गरि बिशिष्टिकृत सहकारी संघ मार्फत यस क्षेत्रका बस्तुहरुको बजारिकरण,प्रवर्द्धन र मुल्य श्रृङ्खलामा जोड दिने लक्ष्य राखेको छ ।

## ११. आन्तरिक नियन्त्रण प्रणाली:

- संस्थाको मौजुदा व्यवस्थापकीय संरचनालाई बदलिंदो परिवेश अनुसार संस्थामा बचत विभाग,ऋण विभाग,वित्त तथा प्रशासन विभाग र बजार तथा प्रवर्धन विभाग गरी ४ वटा छुटै क्षेत्र तय गरि कार्य सम्पादन गरिने प्रयासलाई थप मजबुद बनाउँदै संस्थाका क्षेत्रगत उप-समितिहरुको सहकार्यको माध्यमवाट संस्थाको नितिगत प्रावधान अनुसार आवश्यक जनशक्तिहरुको ब्यवस्था समेत गरिँदै लगिने छ ।
- संस्थाको मौजुदा संचालक समिति, लेखासुपरिवेक्षण समिति,उप-समितिहरुलाई र कर्मचारीहरुलाई सहकारी अभियान तथा आन्तरिक नियन्त्रणमा थप चलायमान र सशक्त गराउने उद्देश्य अनुसार यस आ.व.मा केहि ब्यक्तिहरुलाई राज्यको सहकारी क्षेत्रका नियामक निकायहरु सँग समन्वय गरि आवश्यक्ता अनुसारको तालिमहरुको ब्यवस्था गरिएको र यसै गरि आगामि दिनहरुमा पनि यस कार्यलाई निरन्तरता दिइने छ ।

## १२. नियमित बचत ऋण अनुगमन तथा असुली:

संस्थामा सदस्यता तथा कारोबार बृद्धि हुँदै जाँदा नियमित बचत गर्ने र नियमित ऋण असुली एवं सही सदुपयोग गर्ने सदस्यहरुको संख्यामा थप बृद्धि भएको छ । गलत गर्नेलाई दण्डसजाय गर्ने,हर्जाना तिराउने तथा असल कार्य गर्नेलाई पुरस्कार मार्फत हौसला दिने मान्यता अनुरुप उक्त कार्यलाई यस वर्ष पनि निरन्तरता दिइएको छ । ऋण लगानीमा साक्षी,धितो जमानत,सदस्य जमानत एवम् संस्थाका अन्य क्रियाकलापमा बचत नियमिततालाई कडाइका साथ पालना गराउने प्रक्रियालाई प्रमुख आधार मानिएकोले पछिल्लो समयमा नियमित बचत गर्ने तथा ऋण नियमित बुझाउने परिपाटीमा थप सुधार आएको छ ।

- विगत वर्षमा जस्तै नियमित बचत तथा ऋण परिचालनलाई प्रभावकारी बनाउने उदेश्य अनुसार संस्थाको वित्तिय ब्यवसायको प्रवर्द्धन तथा गुणात्मक सेयर सदस्य समेत विस्तार गर्ने उदेश्यले कुनै एक सदस्यले थप १० नयाँ सदस्य बनाएमा हरेक सेयर सदस्यले उक्त महिनाको उत्कृष्ट सेयर सदस्य **(Member of the Month)** को रुपमा घोषणा गरी संस्थाको फेसबुक पेजमा राखिने क्रमलाई शसक्त ढंगबाट निरन्तरता दिइएको छ ।
- संस्थामा प्रत्येक दिन नियमित बचत तथा ऋण परिचालनलाई प्रभावकारी बनाउने उदेश्य अनुसार संस्थाबाट पहिलो सेवा लिने सेयर सदस्यलाई स-सम्मान संस्थाको लोगो सहितको किरिङ्ग दिएर त्यस दिनको उत्कृष्ठ सेयर सदस्य **(Member of the day)** को रुपमा घोषणा गरी संस्थाको फेसबुक पेजमा राखिने क्रमलाई द्रुत गतिमा निरन्तरता दिइएको छ ।

## १३. विप्रेषण सेवा (मनी ट्रान्सफर):

रोजगारीको सिलसिलामा देशबाहिर जाने सदस्यले पठाउने भएको रकमलाई संस्थामार्फत आफ्नै घर-दैलोमा प्राप्त गर्ने व्यवस्था मिलाउन **Money Transfer** का बिभिन्न निकायहरुसँग आवश्यक समन्वय गरी सेवालाई थप विस्तार गरिएको छ भने देश भित्र पनि रकम पठाउने तथा पाउने व्यवस्थालाई व्यापक र व्यवस्थित गर्दै सेवाको प्रभाव क्षेत्र बढाइएको छ । हाल विभिन्न **Money Transfer** निकायमार्फत सेवा दिइदै आएको छ ।

## १४. पूँजी बृद्धिः

सहकारी संस्थाको मेरुदण्ड भनेको त्यस संस्थाको पूँजी संरचना हो । सानो रकमबाट सहकारी अभियान सुरु गरिएको हाम्रो संस्थाको विगतको इतिहास रहेको छ । तर कारोबार सञ्चालनमा हुँदै गएको वृद्धिले पुँजी कोष बृद्धिमा पनि अहम् भुमिका राख्दछ । यसै परिप्रेक्ष्यलाई मध्यनजर गर्दै गत वर्ष सेयर पुँजी वृद्धिका लागि प्रस्तावित गरिएको लक्ष्य यस साधारण सभासम्म आइपुग्दा करिब पूरा भएको छ । यद्यपि संस्थाले हरहमेसा अवलम्बन गर्दै आएको पर्ल्स **(PEARLS)** को न्यूनतम् मापदण्डअनुसार संस्थाको कुल पुँजी बृद्धिको अनुपात अनुसार सेयर पुँजी वृद्धिको अनुपात पनि मिलेर अगाडि जानुपर्नेमा हामी धेरै सेयर सदस्यहरुको दशअंश सेयर हुनै पर्ने नितिगत ब्यवस्था अनुसार बचतको दशअंश सेयर नहुने सेयर सदस्यहरुलाई आजको सम्मानित सभामार्फत नितिगत ब्यवस्था अनुसार अगाडि बडि संस्थाको मेरुदण्डको रुपमा रहेको चुक्ता सेयर पुँजी बृद्धिमा सहयोग पुर्‍याउन हुन हामी हार्दिक अनुरोध गर्दछौ ।

## १५. आधारभुत भुक्तानी सेवाः

सदस्यको आधुनिक प्रविधियुक्त सेवालाई सर्वसुलभ तरिकाले संस्था भित्रै सेवा दिने संस्थाले गरेको जमर्को बमोजिम टेलिफोन बिल भुक्तानी,विद्युत बिल भुक्तानी,पानी महसुल भुक्तानि आदि जस्ता नियमित उपभोग्य महसुलहरु संस्था मार्फत भुक्तानी गराउने ब्यवस्थालाई थप मजबुत बनाउनका लागि सरोकारवाला निकायसँग अनौपचारिक छलफल संस्था मार्फत भै रहेको पनि जानकारी गराउँदछौ ।

## १६. सदस्य सर्वेक्षणः

संस्थाले सञ्चालनमा ल्याएका सेवाहरुको गुणस्तर,सदस्य सन्तुष्टि एवं प्रभावकारिता तथा आगामी दिनमा संस्थाले सञ्चालनमा ल्याउने कार्यक्रम तथा सेवाहरुलाई पूर्ण रुपमा सदस्यले स्वामित्व ग्रहण गर्न सकुन् भन्ने उद्देश्यले गत आ.व.मा संस्थामा आवद्ध भएका कुल सदस्य संख्याको करिव ५% सदस्यहरुमा रेन्डम सर्वेक्षण गरिएको थियो । सर्वेक्षणको क्रममा सदस्यहरुबाट प्राप्त भएका सुझावलाई नीतिगत तह र व्यवस्थापन तहसँग समन्वय गरी सम्बोधन गरिएको छ साथै उक्त सर्वेक्षणले संस्थाको यो नीति तथा कार्यक्रम बनाउन महत्वपूर्ण भुमिका निर्वाह गरेको छ ।

## १७. जनशक्ति/प्रविधि विकास र ब्यवस्थापनः

वित्तिय बजार त्यसमा पनि सहकारी क्षेत्रमा अहिलेको समयमा पनि दक्ष जनशक्तिको अभाव कायमै छ । नयाँ बैंक लगायतका विमा संस्थानहरु र लघुवित्त क्षेत्रका संस्थाहरुको शाखाहरु हाम्रो जस्तो सानो क्षेत्रमा सेवा प्रदान गराउने सहकारीहरुको क्षेत्रमा समेत पुगिसकेकोले वित्तिय बजारमा जनशक्तिको माग अधिक रहेको छ । जसका कारणले दक्ष जनशक्तिको अभाव विद्यमान रहेको हो । जनशक्तिको उचित र भरपर्दो व्यवस्थापन विना अपेक्षित उपलब्धि हासिल गर्न नसकिने प्रष्टै छ । त्यसैले हामीले आवश्यक जनशक्ति आफै तयार गरी दक्ष बनाउँदै जाने नीति लिई प्रशिक्षार्थि कर्मचारीहरु परिचालन,आवश्यक्ता अनुसार नयाँ कर्मचारीहरु नियुक्त गर्ने र उनीहरुको क्षमता अभिबृद्धि गर्न तालिम,गोष्ठि तथा सेमिनारमा सहभागी गराउँदै आएका छौ । हाल व्यवस्थापन तहमा ६ जनाको पूर्णकालीन जनशक्ति कार्यरत छन् र गत आ.व.देखि प्रशिक्षार्थी कर्मचारीहरुको परिचालन गरि संस्थामा प्रविधि मैत्री वातावरण बनाउन डाटा संकलन,प्रविष्ट आदि कार्य सम्पादनमा महत्वपूर्ण सहयोग पुगेको छ ।

## संस्थाका चुनौतिहरू :

| साझा चुनौतिहरू | संस्थाका चुनौतिहरू |
|---|---|
| १. मौद्रिक नीति परिवर्तन भइरहनु ।<br>२. आर्थिक उत्तार चढावका कारण तरलता न्यून वा अधिक हुने अवस्था सिर्जना हुनु ।<br>३. स्थानीय तह र सहकारी संस्था बीच उपयुक्त समन्वय हुन नसक्नु ।<br>४. सहकारी प्रति सरकारको नीति अस्थिर हुनु ।<br>५. एउटै सदस्य समान प्रकृतिका अन्य सहकारीमा समेत सदस्य रहनु ।<br>६. अन्य प्रचलित ऐन नियमले सहकारीलाई नचिन्नु । | १. भाखा नाघेको ऋण शुन्य हुन नसक्नु ।<br>२. संस्थागत पूँजी कम हुनु ।<br>३. बचतका उत्पादनहरू समान हिसावमा परिचालित हुन नसक्नु ।<br>४. केहि सञ्चालक सदस्यहरू र उपसमिति सदस्यहरूले संस्थालाई पर्याप्त समय दिन नसक्नु । |

**संसोधन ,अनुमोदन प्रस्ताव :**

- संचालक समितिका सचिव श्री नविन लामिछानेले निजको जागीरको कारणले इलाम जिल्ला छोडि झापा जिल्लामा बसोबास गर्नुपर्ने भएको जनाउ गरि सचिव पदबाट मिति: २०७९ भाद्र ३ गते दिएको राजिनामा संचालक समितिको बैठकले स्वीकृत गरि उक्त स्थानमा संचालक सदस्य जिवन कोइरालालाई सचिव पदमा पद पूर्ति गराई निज जिवन कोइरालाको संचालक सदस्य पदमा सदस्यता बृद्धि तथा सेवा केन्द्र ब्यवस्थापन उप-समिति सदस्य श्री अम्बिका कार्की लाई सदस्य पदमा पद पुर्ति गराईको हुँदा यस निर्णयलाई समेत अनुमोदनका लागि सम्मानित सभामा पेश गरेको छु ।
- पुनर्लिखित बिनियम ०७७ को परिच्छेद ८ कोषको ब्यवस्था र कोष बाडफाँडमा घाटा पुर्ति कोषको ब्यवस्था नभएको हुदा यस आ.व देखि सो कोषको अनिवार्य ब्यवस्था हुनुपर्ने जानकारी न.पा.सहकारी शाखाबाट प्राप्त भएकोले हाल भएको ऋण जोखिम कोष ११ प्रतिशत रहेकोमा सोबाट ५ प्रतिशत रकम घाटा पुर्तिकोष स्थापना गर्नेगरि बिनियममा कोष सम्बन्धिको दफा ५७ मा बुदा थप गर्नकालागि प्रस्ताव सहित अनुमोदनका लागि सभामा पेश गरेको छु ।

## आर्थिक वर्ष २०७९/०८० का लागि
## प्रस्तावित बार्षिक नीति तथा कार्यक्रम

**आदरणीय उपस्थित शेयर सदस्य महानुभावहरु,**

यस सुनगाभा सहकारीको मुल नारा नै **"नियमित बचत गर्ने बानी बसालौं"** भन्ने भएकोले यस संस्थाको चुनौतीलाई मध्यनजर राख्दै यस संस्थाको अवसर तथा सेवा सुविधालाई भरपुर उपभोग गरि संस्था जिवन्त राख्न विविध किसिमका बचत योजनालाई नै पहिलो प्राथमिकतामा राखि सबै सेयर सदस्यहरुको दैनिक गुजारामा सहजता बनाउन व्यवसाय तर्फ उन्मुख गराइ सामाजिक,आर्थिक,र सास्कृतिक विकासमा अगाडी बढाउने उद्धेश्य राखि आगामी बर्षको निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

(१) संस्थाले विनियम २०५२ को पुनर्लिखित विनियम,२०७७ मा व्यवस्था भए अनुसारको निति अवलम्बन गरि बचत संकलन र ऋण लगानी गर्ने गरिएको कार्यलाई निरन्तरता दिइएको छ ।

(२) संस्थाले शेयर सदस्यको हित र सहकारी नीति नियम अनुसार बचत र लगानीको व्याज दरमा अधिकतम ५ प्रतिशतको फरकमा आ.व.०७८।०७९मा बार्षिक अधिकतम १४ प्रतिशत र महिला उद्यमशिलता कार्यक्रममा सहभागी महिला शेयर सदस्यहरुलाई १२ प्रतिशत व्याजदमा ऋण लगानी गर्ने व्यवस्थालाई यथावत राखिएकोछ । साथै महिला उद्यमशिलता कार्यक्रममा साबिकमा रु ३००००। लगानी गर्दै आएकोमा यस आ.व देखि यसमा बृद्धि गरि अधिकतम रु ५००००। बनाईएको छ ।

(३) साधारण सभामा उपस्थित भएका शेयर सदस्यहरु मध्ये नियमित कारोबार गर्ने सदस्यहरुलाई मात्र भत्ता (परिवहन र खाना) वापत यस आ.व.मा रु ५८९।- मा नियमानुसार लाग्ने कर कट्टी गरी नगद भुक्तानी गरिनेछ भने नियमित बालबचत गर्ने बाल बचत सदस्यलाई रु ३५०।- नानीहरुकै बचत खातामा जम्मा गरि भुक्तानी गरिने व्यवस्थालाई यथावत राखिएको छ ।

(४) संस्थाका शेयर सदस्यहरुको मृत्यु भएमा काज क्रिया वापत एकमुष्ठ रु २०,०००। सेयर सदस्यका परिवारलाई उपलव्ध गराइने व्यवस्थालाई यथावत राखिएको छ । सो कोष स्थापनाका लागि सेयर सदस्यहरुबाट बार्षिक रु २००।- सदस्य राहत कोषमा जम्मा गर्ने व्यवस्थालाई समेत यथावत राखिएको छ ।

(५) संस्थाको स्थायी सम्पत्ती घर जग्गा खरिद र ऋण जोखिमलाई न्यूनीकरण गर्न घर जग्गा खरिद कोष तथा, ऋण जोखिम कोषलाई मजबुद गर्दै लगिनेछ ।

(६) ऋण लगानी तथा असुली प्रकृयालाई चुस्त दुरुस्त राख्न निर्देशिकामा व्यवस्था भए अनुसार कडाइका साथ पालना गरि ऋण लगानी सुरक्षित र भरपर्दो बनाई असुलीको लागी कडाइका साथ घरदैलो कार्यक्रम गरिनेछ ।

(७) शेयर सदस्यहरुको क्षमता अभिबृद्धि गर्न शेयर सदस्यहरुको माग बमोजिमका लघु उधमशिलता, सहकारी शिक्षा लगायतको तालिम संचालन गरिनेछ ।

(८) संस्थामा संचालक तथा कर्मचारीहरुलाई समय सापेक्ष तालिम शिप र क्षमता बृद्धिमा जोड दिइनेछ । साथै कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कन गरी पुरस्कार र दण्ड दिने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

(९) संस्था र शेयर सदस्यहरु बिच सुमधुर सम्वन्ध कायम राख्न र आफ्नो अनुभव आदान प्रदान तथा सहकारी शिक्षा संचालन गरिनेछ ।

(१०) संस्थाका शेयर सदस्य बृद्धि गरिदै लैजाने नितिलाई कायम नै राखि प्रत्येक शुकवार टोलमा जाने र बढी शेयर सदस्य वनाउने शेयर सदस्यलाई मासिक रुपमा मेम्वर अफ द मन्थवाट सम्मानित गरिनेछ ।

(११) दैनिक संस्थामा पहिलो सेवा लिन आउने शेयर सदस्यलाई मेम्वर अफ द डे वाट सम्मानित गरिनेछ ।

(१२) शेयर सदस्यहरुलाई ऋण माग फाराम दर्ता भएको प्राथमिकताका आधारमा ऋण लगानी गरि समयमा र नियमित रुपमा ऋणको किस्ता र व्याज बुझाउने सेयर सदस्यलाई मात्र पाकेको व्याजको ७ प्रतिशत छुट दिने व्यवस्थालाई यथावत राखिने छ ।

(१३) बचत जमानी तथा धितो जमानीमा ऋण लगानी गर्ने नीतिलाई यथावत राखी धितो जमानीमा अधिकतम तीस लाख (पाँच बर्ष) सम्मका लागी ऋण लगानि गर्दै लगिने नितिलाई समेत यथावत राखिएको छ ।

(१४) संस्थामा गठित ऋण लगानी तथा असुली र धितो मुल्याङ्कन उपसमितिका संयोजक तथा सदस्यहरुले वैठक वसी ऋण लगानीको सिफारिस गरेपछि मात्र ऋण लगानी गरिने भएको हुंदा धितो मुल्याङ्कन उप-समितिलाई मुल्याङ्कन गरेवापतको प्रति धितो, प्रति सदस्य रु.५००। खाजा तथा इन्धन खर्च उपलब्ध गराइने छ भने ऋण लगानि तथा असुलि उप-समितिको वार्षिक हिसावमा बढिमा १२ वटा बैठकको मात्र खाजा तथा यातायात खर्च वापत प्रति सदस्य रु. ३००। का दरले उपलब्ध गराउने ब्यवस्थालाई यथावत गरिएको छ ।

(१५) नियमानुसारको दशाँस शेयर अनिवार्य जम्मा गर्नु पर्ने ब्यवस्थालाई निरन्तरता दिइनेछ ।

(१६) संस्थाका उत्कृष्ठ शेयर खरिद कर्ता १ जना, उत्कृष्ठ मासिक बचत कर्ता १ जना, उत्कृष्ठ दैनिक बचत कर्ता १जना , असल ऋणी सदस्य १ जना र नियमित बाल बचत गर्ने सदस्य १ जना पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

(१७) सस्थाका शेयर सदस्यका  सामुदायिक तथा निजी विद्यालयबाट **SEE** परिक्षामा सर्वोत्कृट अंक ल्याउने १/१ जना  छात्रा/छात्र गरि ४ जनालाई जनही रु.५०००। दरले प्रशंसा पत्र सहित सम्मान वार्षिक साधारण सभामा गरिने कार्यलाई निरन्तरता दिइएको छ ।

(१८) संस्थाका महिला शेयर सदस्य सुत्केरी भएमा बढीमा २ बच्चा सम्मलाई नवजात शिशुको पोषणको लागि एकमुष्ठ रु १८००। उपलब्ध गराइ नवजात शिशुको नाममा रु.२००। बाल बचत खाता खोलि दिने नीतिलाई निरन्तरता दिदैं यथावत राखिएकोछ ।

(१९) घर जग्गा खरिद कोष व्यवस्थापनको लागि शेयर सदस्यता स्वीकृत भएको बखत रु ५००। लिइ घर जग्गा कोषमा जम्मा गरिनेछ ।

(२०) समय सापेक्ष सहकारी श्रेस्ता प्रणालीलाई व्यवस्थित गर्न सहकारीको कारोबार सफ्टवेयरको माध्यमबाट थप ब्यवस्थित गर्दै लगिने छ । संस्थाको दैनिक बचत संकलनकार्य लाई थप सहज र ब्यवस्थित बनाउनकोलागि यस आ.व.बाट कलेक्टर एप्स सफट्वेरमा थप गरि बजार प्रतिनिधिहरुलाई तालिम साथै उपयुक्त उपकरण उपलब्ध गराउँदै लगिने छ ।

(२१) साविकको कर्मचारी हितकोषलाई कर्मचारी बचत खाता द्धारा कोषको व्यवस्थापन गर्दै लगिने छ । यो कोष बृद्धिका लागि कर्मचारी उत्प्रेरण खर्च शिर्षक कायम गरि संस्थामा कर्मचारी बचत खातामा कोष बृद्धि गर्दै लगिने छ ।

(२२) अध्ययन अवलोकन भ्रमण आवश्यकता अनुसार गरिने छ ।

(२३) संचालक समितिको सेबा सुबिधा बिगत को निर्णय अनुसार नै कार्यान्वयन गरिनेछ ।

(२४) आगामी बर्षको लेखा परिक्षक श्री केरुङ्ग एण्ड एसोसिएट्स, वंशल एण्ड एसोसिएट्स  र ताम्रकार एण्ड एसोसिएट्स मध्येबाट १ जनालाई नियुक्ति गर्ने र पारिश्रमिक बापत अधिकतम कर सहित रु ३५०००।- यस प्रस्ताव गरिएको छ र सो कार्यको जिम्मेवारी समेत संचालक समितिलाई नै दिने भन्ने प्रस्तावलाई समेत अनुमोदनका लागि सभामा पेश गरिएको छ ।

(२५) संस्थाको कार्यक्षेत्र विस्तार संगै आवश्यकता अनुसार सेवाकेन्द्र स्थापना गर्दै लगिनेछ ।

(२६) संस्थामा कार्यरत कर्मचारीहरुले संस्थामा ऋण माग गरेमा स्थाई कर्मचारीको हकमा बडीमा पाँचलाख सम्मको ऋण धितो जमानी,बचत जमानी वा सदस्य जमानीमा १०% ब्याजदरमा ऋण प्रवाह गरिने छ ।

(२७) संस्थाको निती,नियम,निर्देशिका,विनियम,र सहकारी ऐनमा व्यवस्था भए अनुसार नियमितरुपमा ३ महिना सम्म बचत,ऋण लगानीको व्याज,किस्ता नबुझाउने शेयर सदस्यहरुको हकमा व्याज र लाभाशं बाहेकका अन्य सेवा सुविधा उपलब्ध गराउन संस्था बाध्य हुने छैन  ।

(२८) नेपाल सरकार द्धारा संचालित स्वास्थ्य विमा सेवामा आवद्ध भै नियमित रुपमा नविकरण गर्ने शेयर सदस्यहरुलाई विमा गरेको र नविकरण गरे बापत तिरेको रकमको २५ प्रतिशत रकम वा बढीमा रु .८७५ (प्रति एक घर बराबर) मात्र पेश भएका कागजातका आधारमा संस्थाले नगदै उपलब्ध गराइने ब्यवस्थालाई निरन्तरता दिइएको छ ।

(२९) संस्थाले आवश्यक्ता महशुस गरेमा संस्थालाई आवश्यक कम्प्युटर, फर्निचर,औजार लगायतका समानहरु खरिद गर्दै जाने छ ।

(३०) संस्थाले सदस्यहरुलाई र सदस्यको  एकाघरका परिवारहरुलाई सहयोग, पुरस्कार-सम्मान तथा रहात उपलब्ध गराउने परेमा संस्थाको सम्मान तथा राहात कार्यविधि कार्यविधि-२०७८ मा ब्यवस्था गरे अनुरुप कार्यान्वयन गरिने छ ।

(३१) सहकारी ऐन २०७४ को दफा ८७ मा व्यवस्था भए अनुसार कुनै पनि सहकारीहरुले यस सहकारी सँग एकीकरणको प्रस्ताव राखेमा एकीकरणका लागि खुल्ला गरिएकोछ ।

(३२) सेफ (भल्ट) तथा ट्रान्जिट (कार्यालय देखि बैंक सम्म,सम्लग्न कर्मचारीहरु) को विमा कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

(३३) बृत्ति विकास,क्षमता अभिबृद्धि आदि जस्ता तालिम कार्यक्रमहरुमा आवश्यक्ता अनुसार लागत सहभागिता वा राष्ट्रिय तथा अन्तरार्षट्रिय सहकारी क्षेत्रका छाता संगठनहरु वा वित्तिय संस्थाहरुले आवहान गरेमा वा नियामक निकाय सँगको समन्वयमा भएका तालिम,गोष्ठि,सेमिनार आदिमा संस्थाका कर्मचारी,उप-समितहरु,लेखा सुपरिवेक्षण समिति र संचालक समिति भित्रवाट आवश्यक्ता र इच्छा अनुसार आलो पालो गरि सहभागिता जनाउने क्रमलाई निरन्तरता दिइने छ ।

(३४) यस आ.व. देखि कुनै पनि ब्यक्ति यस सहकारी संस्थामा स्वत स्फुर्त रुपमा सदस्य बन्न आएमा वा चाहेमा संस्थाको नियमानुसार लाग्ने प्रबेश शुल्क बापत संस्थाले दिने प्रबेश शुल्क रु.१००। छुट दिने निती अवलम्बन गरिने ब्यवस्था मिलाईने छ ।

(३५) यस आ.व. देखि अपाङता तथा एकल ( महिला, पुरुष ) दुबै खाले ब्यक्तिहरु सदस्य बन्न आएमा या चाहेमा संस्थाको नियमानुसार लाग्ने प्रबेश शुल्क बापत संस्थाले दिने प्रबेश शुल्क रु.१००। छुट दिने निती अवलम्बन गरिने ब्यवस्था मिलाईने छ ।

(३६) यस आ.व देखि बाल बचत सदस्यत बन्न आएमा संस्थाको नियमानुसार लाग्ने प्रबेश शुल्क बापत संस्थाले लिने प्रबेश शुल्क रु.५०। छुट दिने निती अवलम्बन गरिने ब्यवस्था मिलाईने छ ।

(३७) बाल बचत स्कुल कार्यक्रम ( कक्षा ८ भन्दा मुनिका बच्चाहरुलाई ) लक्षित गरी कम्तीमा ५ वटा संस्थाको कार्यक्षेत्र भित्रका स्कुलहरु संग सम्पर्क र समन्वयमा बाल बचत उत्प्रेरणा कार्यक्रम संचालन गरिने छ ।

**आदरणीय शेयर सदस्य महानुभावहरु ,**

सहकारीको मुल्य मान्यता र सिद्धान्तलाई मध्यनजर गर्दै चारबर्षे रणनिती अनुसारको आगामी बर्षको बार्षिक कार्य योजना निम्न अनुसार प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## माथि उल्लेख भए अनुसार संस्थाको आ.व.२०७९/०८० को बार्षिक कार्ययोजना

| सि.नं | कार्यक्रम | कहिले गर्ने | परिमाण | स्थान | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | सदस्यता बृद्धि । | बर्ष भरि निरन्तर | ३०० जना | संस्थाको कार्यालय र कार्य क्षेत्र भित्र | संचालक समिति र कर्मचारीहरु, सेयर सदस्य |
| २ | घर दैलो कार्यक्रम । | आवश्यकता अनुसार | १० पटक | सम्वन्धीत ऋणी सदस्यको घरमा | संचालक समिति,उप-समिति र कर्मचारीहरु |
| ३ | संचालक समितिको वैठक । | मासिक | १२ पटक | संस्थाको कार्यालय | संचालक समिती र व्यवस्थापक |
| ४ | धितो मुल्याङ्कन तथा ऋण समितीको वैठक । | आवश्यकता अनुसार | माग भए अनुसार | संस्थाको कार्यालय | उप समितिका सदस्यहरु |
| ५ | लेखा सुपरिवेक्षण समितिको बैठक । | त्रैमासिक | ४ पटक | संस्थाको कार्यालय | लेखा सुपरिवेक्षण समिति,ब्यवस्थापक |
| ६ | सेयर सदस्यहरुको भेला तथा छलफल । | उपर्युक्त समय र आवश्यकता अनुसार | ४ पटक | संस्थाको कार्यालय वा उपर्युक्त स्थान | संचालक समिति र कर्मचारीहरु,सेयर सदस्य |
| ७ | ब्याज वितरण । | अर्ध बार्षिक / बार्षिक | २ र १ | संस्थाको कार्यालय | संचालक समिति र व्यवस्थापक |
| ८ | आन्तरीक लेखा परिक्षण । | भाद्र मसान्त सम्ममा | १ पटक | संस्थाको कार्यालय | लेखा सुपरिवेक्षण समिति ब्यवस्थापक |

| सि.नं | कार्यक्रम | कहिले गर्ने | परिमाण | स्थान | जिम्मेवारी |
|---|---|---|---|---|---|
| ९ | अन्तिम लेखा परिक्षण । | असोज महिना भित्र | १ पटक | संस्थाको कार्यालय | दर्तावाला लेखा परिक्षक |
| १० | बार्षिक साधारण सभा । | कार्तिक मसान्त भित्र | १ पटक | सभा हल | संचालक समिति, कर्मचारीहरु र शेयर सदस्यहरु |
| ११ | सम्मान तथा पुरस्कार वितरण । | बार्षिक साधारण सभाको अवसरमा | १ पटक | सभा हल | संचालक समिति र कर्मचारी |
| १२ | राहात तथा सामाजिक सेवाका कार्यहरु । | आवश्यक समयमा | आवश्यकता अनुसार | संस्थाको कार्यक्षेत्र भित्र तोकिएको स्थान | संचालक समिती, कर्मचारी,शेयर सदस्य |
| १३ | सेयर सदस्यहरुकालागि स्वाथ्य शिविर कार्यक्रम । | उपर्युक्त समयमा | २ पटक | इ.न.पा. क्षेत्रमा | संचालक समिति,बिभिन्न उप समिति र कर्मचारीहरु |
| १४ | बार्षिक प्रगति समिक्षा र सदस्य जोखिम विश्लेषण । | आबश्यकता अनुसार | आबश्यकता अनुसार | संस्थाको कार्यालय | ब्यवस्थापक,संचालक समिति,उप-समितिहरु,कर्मचारीहरु |
| १५ | सहकारी अवलोकन भ्रमण । | उपर्युक्त समयमा | १ पटक वढीमा २० जना सम्म | उपर्युक्त स्थान | संचालक समिती, लेखासुपरिवेक्षण समिति, कर्मचारी र ऋणि शेयर सदस्यहरुवाट । |
| १६ | तालिम तथा गोष्ठी । | सरोकार निकायले माग गरेमा | ४ वटा | उपर्युक्त स्थान | संचालक समिती, उप-समिति,कर्मचारी,शेयर सदस्य |
| १७ | संस्थावाट सहकारी क्षेत्रका तालिम तथा गोष्ठिमा सहभागिता । | आवश्यक्ता अनुसार | आलो पालो गरि सहभागि हुने | जिल्ला भित्र,राष्ट्रिय स्तर र अन्तराष्ट्रिय | संचालक समिती,उप-समिति,लेखा सुपरिवेक्षण समति र कर्मचारीहरु । |
| १८ | स्वास्थ्य विमा उत्प्रेरणा कार्यकम । | बर्ष भरि | बर्ष भरि | संस्थाको कार्यक्षेत्र भित्रका शेयर सदस्य | संचालक समिती, उपसमिति, कर्मचारीहरु |
| १९ | बाल बचत जागरण कार्यक्रम | उपर्युक्त समयमा | ५ वटा स्कुलहरुमा | संस्थाको कार्यक्षेत्र भित्रका निजी तथा सामुदायिक बिद्यालयहरुमा | संचालक समिती, उपसमिति, कर्मचारीहरु |
| २० | राष्ट्रिय सहकारी दिवस कार्यक्रम । | चैत्र २० | १ पटक | संस्थाको कार्यक्षेत्र भित्रका समुदायमा । | संचालक समिती, उपसमिति, कर्मचारीहरु र विषय गत संघहरु । |
| २१ | बार्षिक स्थापना दिवस, | पुष १८ | १ पटक | संस्थाको कार्यक्षेत्र | संस्थागत छलफल गरि |

| सि.नं | कार्यक्रम | कहिले गर्ने | परिमाण | स्थान | जिम्मेवारी |
|---|---|---|---|---|---|
| | को कार्यक्रम । | | | भित्र । | उपयुक्त कार्य गर्ने । |
| २२ | रणनितिक तथा ब्यवसायिक योजना,संस्थाको बैठक,सभा संचालन कार्यविधि तयार । | आ.व.भित्रमा । | १ पटक | सदरमुकाम भित्र | संचालक समिती, उपसमिति, कर्मचारीहरु र विषयगत विज्ञहरु । |

**आदरणीय उपस्थित मान्यजन तथा शेयर सदस्य महानुभावहरु ,**

हाम्रो निमन्त्रणालाई स्वीकार गरि यस २० औं बार्षिक साधारण सभामा उपस्थित भई सभालाई हौसला दिनु हुने प्रमुख अतिथिहरु,सल्लाहकार ज्युहरु,संचारकर्मी मित्रहरु प्रेरणदायी ब्याक्तित्वहरु लगायत उपस्थित शेयर सस्दस्य महानुभावहरुमा प्रस्तुत प्रतिवेदनलाई गहन अध्ययन मनन गरि राय सुझाव भए राय सुझाव सहित अनुमोदन गरि दिन हुन यस सम्मानित सभा समक्ष पेश गरिएको जानकारी गराउंदछु । साथै दिवङ्गत हुनु भएका सेयर सदस्य तथा सेयर सदस्यका परिवारका सदस्यहरुमा भावपुर्ण श्रद्धान्जली अपर्ण गर्दै दिवङ्गत आत्माको चिर शान्तिको कामना सहित शोक सन्तब्द परिवारजनहरुमा शोकलाई शक्तिमा रुपान्तरण गर्ने साहस मिलोस भनि ईश्वर संग कामना गर्दछौ ।

**जय सहकारी**
**संचालक समितिको तर्फबाट**

गोपाल पौड्याल
(अध्यक्ष)
सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.,इलाम ।

## २० औं बार्षिक साधारण सभामा सचिवद्धारा प्रस्तुत प्रतिवेदन ०७९ मंसिर १७

सभाका अध्यक्ष ज्यु ,संचालक समितिका मित्रहरु,लेखा समितिका संयोजक तथा सदस्यज्यूहरु धितो मुल्याँकन उप समितिका पदाधिकारी,ऋण उप समितिका पदाधिकारी,शिक्षा उप समितिका पदाधिकारी, महिला उधमशिलता बिकास उप समितिका पदाधिकारी तथा उपस्थित सम्पुर्ण शेयर सदस्य ज्यूहरुमा हार्दिक स्वागत अभिवादन गर्न चाहान्छु । सुनगाभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड इलामको यस सम्मानित बार्षिक साधारण सभामा संस्थाको संक्षिप्त संस्थागत गतिविधि प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

### शेयर सदस्य महानुभावहरु

संस्थाका अध्यक्षज्यू बाट संस्थाको निती तथा कार्यक्रम प्रस्तुत भैसकेको छ भने संस्थाका कोषाध्यक्षज्यू बाट आ.व. ०७८।०७९ को प्रस्तावीत आय ब्यय तथा आ.व. ०७८।०७९ को यथार्थ बजेट र आ.व.०७९।०८० को अनुमानित प्रस्तावीत बजेट प्रस्तुत गर्नुहुने नै छ अब म संस्थाको संक्षिप्त संस्थागत गतिबिधीहरु पेश गर्न चाहन्छु ।

- संस्थागत बडापत्र पुनराबलोकन गरि तयार गरिएको छ ।
- चार बर्षे रणनितिक योजना अनुसार संस्थागत कारोबार संचालन भएको छ ।
- **IME,** प्रभु मनि ट्रान्सफर,वेर्स्टन मनि ट्रान्सफर को सेवा संचालनमा ल्याई शेयर सदस्यहरुलाई थप सेवा सुबिधाहरु उपलब्ध गराउदै आएको छ ।
- दिनदैनिक भएका सम्पुर्ण आर्थिक गतिबिधिहरुलाइ संस्थाको बोर्डमा लिपीबद्ध गरी यसलाई मासिक रुपमा अद्यावधिक गराई संचालक समितिको बैठकमा प्रतिबेदनको रुपमा प्रस्तुत गरिने परिपाटीको बिकास भएको ।
- संस्थाको नाममा फेसबुक पेज ,फेसबुक आई.डी.मार्फत संस्थागत गतिबिधीहरुलाई सदस्यहरु माझ पुर्याउने परिपाटिको बिकास भएको ।
- मेम्बर अफ द डे, मेम्बर अफ द मन्थ बाट दैनिक कारोवार हुने गरेको साथै सो कारोबारलाई संस्थाको फेस बुकमा समेत राखिदै आएको ।

शेयर सदस्यज्युहरु अब म सुरु देखि हाल सम्म बार्षिक रुपमा सम्मानित सदस्यहरुको बिवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### शेयर सदस्य सम्मान कार्यक्रमहरु अर्न्तगत हाल सम्म बिभिन्न बिधामा सम्मानित सदस्यहरुको बिवरण

बिजय राई ,मन्जु चापागाँई ,कृष्ण शिवा ,सुबास शाह मोदी ,कृष्ण प्र घिमिरे ,कृष्ण प्र. श्रेष्ठ ,सुनगाभा बिकास संस्था ,लिलामाया थापा ,कौशिला राई ,रुपिणा राई ,प्रेमबहादुर खत्री सुबेदी ,सुरेन सुबेदी ,सिता भण्डारी, एस .बि. लिम्बु ,हरि कटुवाल ,पबिमाया गुरुङ्ग ,चुडामणी सापकोटा ,महालक्ष्मी राजलवट,टेकबहादुर श्रेष्ठ ,सोमनाथ अधिकारी ,देबी कार्की ,युसामा देवान,महेन्द्रकुमारी कटुवाल,देबीकुमारी लिम्बु राई,सुमन दाश,जोलिस राजलवट,हरिबहादुर दहाल,खगेन्द्र सुबेदी,मालती थापा,आयुश्री बस्नेत,युडेन मगर,कमला श्रेष्ठ,पासाङ्डोमा शेर्पा,शान्तामाया राई,गम्बीर हेल्मु,जेनिल ताम्राकार,अम्बिका कार्की,बिकास श्रेष्ठ,दियान भट्टराई

### जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत सम्मानित सदस्यहरु

चित्रकुमारी पराजुली ,मायादेवी तामाङ्ग,तुलसी प्र. भट्टाई,कृष्णकुमारी पौडेल,भुवानीदेबी अधिकारी,रतनलाल अग्रवाल,बिरबहादुर घिमिरे,मन्जिला राजलवट,भीमादेबी कार्की,सनमाया तामाङ्ग,डिगबहादुर कोइराला,यज्ञनीधि बराल,ललीमाया मगरनी,शंखर ठाकुर,नरमाया कार्की,कृष्णमाया सुबेदी,सुलोचना अग्रवाल,केशरबहादुर थापा,मनमाया थापा,हरिमाया राया,गंगादेबी भट्टराई,दिर्घमाया थापा,मधु श्रेष्ठ,कृष्ण प्रसाद घिमिरे,भिमकुमारी कोईराला

**शेयर सदस्यका छोरा छोरीहरु मध्ये SEE (सामुदायिक तथा नीजि विद्यालय) मा अध्यनरत छात्रवृत्ति कार्यक्रम अन्तर्गत हाल सम्म छात्रवृत्ति पाउने छात्र ,छात्राहरु**

- श्री ईश्वरकुमार सुबेदी को छोरी — युरिका सुबेदी
- श्री बिन्द्र कोइरालाको छोरा — बिबेक कोईराला
- श्री बिश्वनाथ काफ्लेको छोरी — सर्बसा काफ्ले
- श्री दिवाकर भण्डारीको छोरी — बिन्दु भण्डारी
- श्री माया थाम्सुहाङ्गको छोरा — तान्छोक थाम्सुहाङ्ग
- श्री अमृता सिं को छोरी — सिसम सिं
- श्री कमला श्रेष्ठ कोइरालाको छोरा — संकल्प कोइराला
- श्री मिना फुएल भण्डारीको छोरा — निरोज भण्डारी
- श्री चित्रबहादुर थापाको छोरी — दिया थापा
- श्री मन्जु चापागाईको छोरा — प्रसान्त चापागाँई
- श्री गोबिन्द बि.क.को छोरी — रुजा बि.क.
- श्री तेजालक्ष्मी गुरागाँई अधिकारीको छोरा — प्रशान अधिकारी
- श्री कुशुम खतिवडा गुरागाँईको छोरा — हिमाल गुरागाँई
- श्री कृष्णा शाहीको छोरी — प्रेना शाही
- श्री रिङ्कु श्रेष्ठकी छोरी — मेरीना श्रेष्ठ
- श्री अम्बिका कार्की को छोरा — आयुस पौड्याल
- श्री होमकुमारी भट्टराईको छोरी — गहन्ता पौड्याल
- श्री याम रंजितकारको छोरा — रेयस रंजितकार
- लिलामाया थापाको छोरा — मौसम थापा

**सदस्य राहात बितरण कार्यक्रम अन्तर्गत हाल सम्म राहात पाउने मृतक सदस्यहरु :**

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | निजता मल्ल कट्टेल | (च) | गोपाल श्रेष्ठ | (ठ) | छुङ्गछुङ्ग श्रेष्ठ |
| (ख) | पूर्ण ब. त्रिखत्री | (छ) | बिजय खाकी | (ड) | बुद्ध राई |
| (ग) | छबिलाल बि.क. | (ज) | अन्जिता श्रेष्ठ | | |
| (घ) | सुबास शाह मोदी | (ञ) | राधिका परियार | | |
| (ङ) | अजितकुमार बुडाथोकी | (ट) | अनिता थोकर | | |

**संस्थागत सुशासनः**

संस्थाले स्थानिय पालिकाको ऐन, सहकारी ऐन,नियमावली तथा सहकारी विभाग,नेपाल राष्ट्र बैंकको संस्थागत सुशासनसम्बन्धी व्यवस्थाको भावना र मर्मबमोजिम निर्देशनको पालना गर्दै आएको छ । संस्थाले आन्तरिक तथा बाह्य लेखा परीक्षक तथा नियमनकारी निकायहरुले औल्याएका कैफियत एवं सुझावहरु माथि गम्भीरतापूर्वक छलफल गर्ने र सुधारका लागि व्यवस्थापनलाई निर्देशन दिने कार्यमा प्रभावकारी भुमिका खेल्दै आइरहेको छ । सहकारीको नियमअनुसार यस साकोसले पनि सुचना तथा कार्यान्वयन अधिकारीको रुपमा संस्थाको लेखा तथा ऋण अधिकृत श्री दिक्षा मिश्र(दहाल) लाई तोकि कार्यान्वयन गरिरहेको छ । यसै गरि ऐन,नियम एवं निर्देशनअनुसार विभिन्न नियमनकारी निकायहरुमा पठाउनु पर्ने प्रतिवेदन, सूचना, जानकारीहरु यथा समयमा पठाउने गरेका छौं । संस्थालाई अझ बढी व्यवस्थित गर्न संस्थामा हाल सम्म निम्न विनियम, निति, निर्देशिका र कार्यविधिहरु रहेका छन् ।

- पुनर्लिखित विनियम — २०७७
- मानव संशाधन तथा आर्थिक प्रशासन निर्देशिका — २०७६
- दैनिक कार्य संचालन निर्देशिका — २०६१

- निर्वाचन निती २०७६
- रणनितीक योजना ( ४ बर्षे ) २०७६
- सम्पत्ति सुद्धिकरण निवारण कानुन पालना सम्बन्धि कार्यविधि २०७७
- उद्यमशिलता विकास कार्यक्रम संचालन निर्देशिका २०७०
- महामारीको समयमा सहकारी सेवा ब्यवस्थापन निर्देशिका २०७७
- सदस्य र सदस्यको एकाघरका परिवारहरुलाई सहयोग,पुरस्कार-सम्मान तथा रहात कार्यविधि २०७८

माथि तयार गरिएका सम्पूर्ण निर्देशिका,विनियम,कार्यविधि आदि निशुल्क रुपमा संस्थाका अध्यक्षबाट तयार गरिएको पनि सम्मानित सभालाई जानकारी गराउँदछु । यसै गरि संस्थाले आ.व.०७८।०७९ मा तय गरेको २१ वटा कार्य योजना (कृयाकलापहरु) आ.व.०७८।०७९ को अन्त सम्ममा सत प्रतिशत सम्पादन गरेको पनि सभालाई अवगत गराउन चाहन्छु । यस संस्थाको मुख्य सरोकारवालाको बिष्लेषण गर्ने कममा निम्नानुसारले प्रस्तुत गर्न चाहान्छु ।

**मुख्य सरोकारवालाहरुको बिष्लेषण**



सुनगाभा बचत तथा ऋण सहकारी संस्थाको

# संगठनात्मक संरचना




**शेयर सदस्य महानुभावहरु**

संस्थाले निरन्तर सफलता हासिल गर्दै जानुमा तपाई सम्पूर्ण शेयर सदस्यहरुको महत्वपूर्ण योगदान रहेको निर्विवाद छ । संस्थाको उन्नती र प्रगतिमा यहाँहरुबाट सदाझैं यसरी नै निरन्तर सहयोग,सल्लाह र सुझावको अपेक्षा गर्न चाहन्छु ।

अन्तमा २० औं बार्षिक साधारण सभामा संस्थाले तयार गरेको योजना जिम्मेवारी सफल बनाउन हामी सबै शेयर सदस्यहरुको सहयोगको आशा राख्दै यस सम्मानित सभामा हार्दिक स्वागत गर्दै संस्थाको तर्फबाट सचिबद्धारा प्रस्तुत प्रतिवेदन उपर छलफल गरि सल्लाह सुझाव सहित पारित गरिदिनुहुन अनुरोध गर्दै बिदा चाहन्छु ।

**धन्यवाद**
**जय सहकारी**
**२०७९ मंसिर १७ गते**

**जीवन कोईराला**
**सचिव**
**सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.**
**इलाम**

## आर्थिक बर्ष २०७८/०७९ को संक्षिप्त आर्थिक बिवरण तथा
## आर्थिक बर्ष २०७९/०८० का लागि प्रस्तावित वित्तिय लक्ष्य तथा बजेट

यस संस्थाको २० औं बार्षिक साधारण सभाका अध्यक्ष महोदय, सञ्चालक समिति,लेखा सुपरिवेक्षण समिति, सल्लाकार समिति ज्यू,अन्य उप-समितिका सहकर्मी साथीहरु, सेयर सदस्यज्यूहरु, पत्रकार मित्रहरु,कर्मचारी साथीहरु, अग्रज व्यक्तित्वज्यूहरु र शुभ-चिन्तक महानुभावहरु सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.को कोषाध्यक्षको हैसियतले म आ.व.०७८।०७९ को संक्षिप्त आर्थिक बिवरण तथा आर्थिक बर्ष २०७९/०८० को लागि प्रस्तावित वित्तिय लक्ष्य तथा बजेट पेस गर्ने अनुमती चाहन्छु ।

### गत आ.व.को बित्तिय लक्ष्य तथा प्रगती

यस संस्थाको वासलात गत बर्ष रु. ९,२५,९६,०२३। रहेकोमा यस बर्ष २१.५७ % बृद्धि भई रु. ११,२४,५९,३२१।९७ पुगेको छ । यस संस्थाको शेयर पुँजी गत बर्ष रु. १,४९,०४,९००। रहेकोमा यस बर्ष १७।३२% बृद्धि भई रु.१,७४,८६,८००। शेयर पुगेको छ । त्यसै गरी बचत गत बर्ष रु.७,०७,०८,९६६। रहेकोमा यस बर्ष १५।७४% बृद्धि भई बचत रु.८,१८,४०,७५५।६४ पुगेको छ । त्यसै गरी ऋण लगानी गत बर्ष रु. ५,८१,०६,७०९। रहेकोमा यस बर्ष ३७।८०% बृद्धि भई कुल लगानीमा रहेको ऋण रकम रु.७,९४,९३,९९२। पुगेको छ ।

**समग्रमा आ.व. ०७८।०७९ को बित्तिय लक्ष्य तथा उपलब्धीहरुलाई निम्नानुसार प्रस्तुत गर्न चाहन्छु ।**

| क्र.सं | बिवरण | लक्ष्य | उपलब्धी | उपलब्धी प्रतिशतमा |
|---|---|---|---|---|
| १ | शेयर थप | ३७,२६,२००/ | २९,६५,०००/ | -२०.४२% |
| २ | सदस्यता त्याग फिर्ता | ३,५०,०००/ | ३,८३,१००/ | ९.४५% |
| ३ | बचत संकलन | १२,०००००००/ | १२,९५,६३,२११/ | ७.९६% |
| ४ | बचत फिर्ता | १०,०००००००/ | ११,८५,०९,९९५/ | १८.५१ % |
| ५ | ऋण लगानी | ५,५७,०००००/ | ६,१०,६६,९५१/ | ९.६३ % |
| ६ | ऋण असुली | ३,५०,०००००/ | ३,९६,७९,६६८/ | १३.३७ % |
| ७ | आम्दानी | १,२१,७५,७१६/६४ | १,२१,०७,२५७/१८ | -०.५७ % |
| ८ | खर्च | १,०,०९८,०९६/ | १,०४,५९,३१२/३५ | ३.५८ % |
| ९ | शुद्ध बचत नाफा (कर सहित) | १९,७३,७२९/६० | १६,४७,९४४/८४ | १६.५१ % |

१ आ.व. ०७७।०७८ मा संस्थाको कुल वासलात रु.९,२५,९६,०२३। रहेकोमा आ.ब.०७८।०७९ मा यसलाई २१.४५ प्रतिशतले बृद्धि गरि रु.१२,०३,७४,८२९।९ पुर्याउने लक्ष्य राखिएको मा प्रगती ११,२४,५९,३२१।९७ भएको छ ।

२ आ.व. ०७७।०७८ मा संस्थाको शेयर पुँजी रु.१,४९,०४,९००। रहेकोमा चालु आ.व. ०७८।०७९ मा यसलाई १७.३२ प्रतिशतले बृद्धि गरी रु.१,८६,३१,१२५। पुर्याउने लक्ष्य राखिएकोमा प्रगती १,७४,८६,८००। भएको छ ।

३ यस संस्थाको कुल बचत आ.ब.०७७।०७८ मा रु.७,०७,०८,९६६। रहेकोमा चालु आ.व.०७८।०७९ मा यसलाई १५.७४ प्रतिशतले बृद्धि गरी रु.८,८३,८६,२०७।५ पुर्याउने लक्ष्य राखिएकोमा प्रगती रु.८,१८,४०,७५५।६४ भएको छ ।

४ यस संस्थाको कुल ऋण लगानी आ.व.०७७।०७८ मा रु.५,८१,०६,७०९। रहेकोमा चालु आ.व ०७८।०७९ मा यस लाई ३६.८१ प्रतिशतले बृद्धि गरी रु.७,२६,३३,३८६।२५। पुर्याउने लक्ष्य राखिएकोमा प्रगती ७,९४,९३,९९२। भएको छ ।

५ आ.व.०७७।०७८ मा संस्थाले आर्जन गरेको कुल आम्दानी रु. ९१,२०,३८७। रहेकोमा चालु आ.व.०७८।०७९ मा यसलाई ३२.७५ प्रतिशत बृद्धि गरी रु.१,२१,७५,७१६।४ पुर्याउने लक्ष्य राखिएकोमा प्रगती १,२१,०७,२५७ । १९ भएको छ ।

६ आ.व.०७७।०७८ मा संस्थाको कर पछिको शुद्ध बचत नाफा रु. १२,१३,११०। रहेकोमा चालु आ.व.०७८।०७९ मा यसलाई ३५.८४ प्रतिशतले बृद्धि गरी रु.१९,७३,७२९/३८ पुर्याउने लक्ष्य राखिएकोमा प्रगती १६,४७,९४४/८४ भएको छ।

**शेयर सदस्यज्युहरु,**

अब म आर्थिक बर्ष २०७८/०७९ को प्रस्तावित र यथार्थ आय तथा ब्यय हिसाब बिवरणका साथै चालु आ.व. ०७९/०८० को प्रस्तावित आय-ब्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**१. आ.ब. ०७८।०७९ को प्रस्तावित,यथार्थ र आ.व.०७९।०८० को लागि विनियोजित प्रस्तावित आय तथा ब्यय विवरण**

| १ ब्याज आम्दानी | गत आ.व.को प्रस्तावित | यस बर्षको यथार्थ | आगामि वर्षको प्रस्तावित |
|---|---|---|---|
